**पुतलीबजार नगरपालिका**
**नगरकार्यपालिकाको बैठक**

बैठक संख्या :- १०३
मिति :-२०८१/०१/१६
बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं.१:-**
नगरकार्यपालिकाको बैठक समक्ष प्रस्तुत शाखागत तथा वडागत कार्यप्रगति उपर समीक्षा गरियो, अंधिकाश योजनाहरु सम्झौता भई कार्यान्वयन एवं कार्यसम्पादनको क्रममा रहेको र करीब ७० प्रतिशत भौतिक प्रगति हासिल भएको पाईयो । बाँकी अधुरा कार्य शिघ्र रुपमा पुर्णता प्रदान गर्ने गरि कार्य अगाडि बढाउने निर्णय गरियो । साथै अब उप्रान्त नगरपालिकाको विषयगत रुपमा भए गरिएका कार्य प्रगतिको समिक्षा हेतु सबै विषयगत समिति र अन्य समितिका अध्यक्ष/संयोजक वा सदस्य सचिवहरुले मासिक/त्रैमासिक रुपमा आफ्नो विषय क्षेत्रमा भए गरिएका मुख्य-मुख्य गतिविधि तथा प्रगतिको प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठक हुनुपुर्व प्रशासन शाखा मार्फत पेश गर्ने प्रवन्ध गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २:-**
भू-उपयोग परिषद्को निर्णय मार्फत माग तथा अनुरोध भई आए बमोजिम भू-उपयोग योजना एवं भुमि तथा जग्गा वर्गीकरणका लागि प्रदान गरिएको A Class Consultant and Construction Pvt.Ltd., Pokhara, Kaski- परामर्श दाताको प्रतिवेदन उपर छलफल गरियो । पेश हुन आएको प्रतिवेदन तथा कार्यप्रगति थप परिमार्जन गर्न लगाई प्रतिवेदन पुर्णताको लागि स्थानीय भू-उपयोग परिषद् बाट म्याद थप गरि पेश हुन आए बमोजिम म्याद थप सम्बन्धी निर्णय अनुमोदन गर्ने तथा स्थानीय भू-उपयोग परिषद,कार्यान्वयन समितिको रिक्त सदस्य पदमा देहायवमोजिम सदस्य चयन गर्ने निर्णय गरियो ।

१) सदस्यः-अमिरबक्स मिंया (पु.व.न.पा.३)
२) सदस्यः-मिना दमै (पु.व.न.पा.४)
३) महिला सदस्यः- रविना वि.क (सुनार) पु.व.न.पा ५
४) महिला सदस्यः-सुनीता नेपाली (पु.व.न.पा ११)

**निर्णय नं.३:-**
यस कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य निरिक्षक नविन मरासिनी क .स.न.म २२४५४६ ले माग गर्नु भएको वृत्ति विकास सम्बन्धी पुर्व अध्यन स्वीकृती तथा अध्ययन सम्बन्धी सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:-**
कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई स्थानीय तहको सेवामा कार्यरत तथा साविकको स्थानीय निकायमा कार्यरत रही समायोजन भएका स्थायी कर्मचारीहरुको सेवा निवृत सुविधाका लागि कल्याण कोष स्थापना गर्ने र प्रचलित कानुनले तोके बमोजिमको रकम कोषमा दाखिला गर्ने प्रबन्ध मिलाउने निर्णय गरियो । उक्त कार्यको लागि कार्यविधि निर्माण गर्ने सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:-**
ढुङ्गा ,गिटी, बालुवा, नदीजन्य पदार्थ संकलन तथा बिक्री बन्दोबस्तका लागि फिल्ड खटाईएका कार्यालय सहयोगी स्तरका निम्न कर्मचारीहरु लाई खटाईएको अवधि सम्मका लागि मात्र दैनिक २००/-का दरले अतिरिक्त प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो ।

क) सुजन रानाभाट, का.स
ख) भुपेन्द्र थापा, का.स
ग) गिता सि.वा, चौकीदार

तुलसी राम रेग्मी
नगर प्रमुख

निरञ्जीवी पौडेल

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. ६:-**

पुतलीबजार नगरपालिका बालअधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि,२०८०, दफा १३ बमोजिम को स्थानीय बालअधिकार समितिको क्षेत्रगत रिक्त सदस्य पदमा देहाय बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

सदस्यः-शोभा वि.क (दलित महिला वडा सदस्य वडा नं ६)

सदस्यः-मुक्ति प्रसाद रेग्मी ( प्र.अ.त्रि.आ.मा.वि)

सदस्यः-पमनारायण पराजुली (समाजसेवी)

सदस्यः-रङ्गनाथ रेग्मी (स्वास्थ्य संस्था प्रतिनिधी)

सदस्यः-युग नारायण श्रेष्ठ (बालन्याय क्षेत्र कार्यअनुभवी)

सदस्यः-भवानी अधिकारी (बालन्याय क्षेत्र कार्यअनुभवी)

**निर्णय नं. ७:-**

नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना अन्तर्गत बिश्व बैंकको लगानी र यस नगरपालिकाद्धारा सन्चालित आयोजना **प्रगतीनगर बहाकोट नाम्चे काल्खु सडक (NP-DUDBC-396312-CW-RFB)**का लागि निर्माण ब्यवसायी श्री लामा कन्ट्रक्सन प्रा.लि.,काठमाडौंले मिति:२०८०/१२/२८ गतेको पत्र मार्फत यस न.पा.-१४, लामागे फाँटको कटुवा तथा शत्र भन्ने जग्गामा आयोजना अवधिभरको लागि आयोजनालाई आवश्यक निर्माणजन्य सामग्री (ढुंगा ,गिट्टी,वालुवा,वेस,सव-बेस ) उत्पादन तथा प्रशोधन गर्न क्रसर स्थापनाको लागि माग गरेको र सो क्षेत्रको स्थानीय बासिन्दाको लिखित मन्जुरी गरेको भनि १४ नम्बर वडाको सिफारिस प्राप्त भएकाले तपसिलको शर्तहरु लागु हुने गरी अस्थाई क्रसर संचालन गर्न सम्वन्धित निर्माण ब्यबसायीलाई अनुमती दिने ,साथै सोको जानकारी जिल्ला अनुगमन समितिलाई दिने निर्णय गरियो ।

**शर्तहरु**

क) पुल,खोला तथा अन्य वातावरणीय सन्तुलनमा प्रतिकुल असर नपर्ने गरी र स्थानीय बसोबासलाई धुलो उड्ने जस्ता प्रतिकुल असर न्यूनीकरणका उपाय सहित संचालन गर्नुपर्ने ।

ख) उत्पादित सामग्री सोही आयोजनामा मात्र प्रयोग गर्नुपर्ने ,अन्यत्र बिक्री गर्न नपाइने ।

ग) बार्षिकरुपमा प्रदेश सरकारले तोकेको दर अनुसारको शुल्क बुझाई नवीकरण हुने ।

घ) क्रसर संचालन अनुमति आयोजना अवधिलाई मात्र हुनेछ

**निर्णय नं. ८:-**

नगर क्षेत्रभित्रका सबै खोलाका किनारा तथा बगरबाट निर्माणजन्य पदार्थ (ढुंगा ,गिट्टी,वालुवा) उत्खनन् ,संकलन प्रशोधन तथा बिक्री वितरण कार्य गर्न आगामी ३ बर्षका लागि साबिकका क्षेत्रहरु र माले बगर पक्कीपुल स्थित जम्मा भएको निर्माणजन्य पदार्थले पुल , स्थानीय बस्ती तथा खेतीयोग्य जमीन संरक्षणकार्यलाई समेत पारेको प्रभाव एंव असर समेत समाबेश गरी प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन (आ.ई.ई )तथा परिक्षण प्रतिबेदन सम्वन्धित विज्ञ टोलीको परामर्श सेवा मार्फत तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ बमोजिम तपसिलका ठेक्का मार्फत संचालित योजनाहरुको थप आर्थिक दायित्व नपर्ने गरी भेरियसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

क) पुतलिखेत सतौ बैदी आमडांडा सडक(ठेक्का नं.04/PM/NCB/WORKS/079/080)

ख) नयाँबजार गौडेबजार हटिया सडक( ठेक्का नं.02/PM/NCB/WORKS/080/081)

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. १०:-**

गण्डकी प्रदेश सरकारले यस नगरपालिकाबाट योजना कार्यान्वयन हुने गरी आ.ब.०८०/०८१ मा चितिकुना खानेपानी योजना वडा नं ३ को लागि शसर्त अनुदान अन्तर्गत विनियोजित रकम रु ३० लाख, बिनियोजन भएकोमा स्थानीय खानेपानी स्रोत पहिचानका कारण ढिलाई भएको र हाल आ.व. को अन्त्य तिर रहेकाले योजना संचालन गर्न समय अभावका कारणउपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गरी योजना सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:-**

तिमिल्सिना कन्ट्रक्सन एंण्ड सप्लायर्स प्रा.लि.पुतलीबजार नगरपालिका वडा नं ३(प्रो. विजय कुमार तिमिल्सिना) लाई पुतलीबजार नगरपालिका "घ" बर्गको निर्माण ब्यबसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ को दफा ३ बमोजिम "घ" वर्ग को नयाँ इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:-**

तोकिएको समयमा नबिकरण हुन छुट भएका "घ" बर्गको निर्माण ब्याबसायीहरुका सम्वन्धमा इजाजत पत्र नबिकरण गर्न एक पटकको लागि सार्बजनिक सूचना प्रकाशित गर्ने साथै तपसिल बमोजिम शुल्क लिई नबिकरण गर्ने निर्णय गरियो।

**तपसिल :**

६ महिना अबधि सम्म नवीकरण नभएको-१५ हजार

१ बर्ष अबधि सम्मनवीकरण नभएको -३० हजार

१ देखि ५ बर्ष सम्मनवीकरण नभएको– १ लाख

**निर्णय नं.१३:-**

यस नगरपालिका अन्तर्गतको जाडखोला पेल्काचौर सडकगत वर्षातको कारण सडकछेउ नालीको पानी ब्यबस्थापन नहुदाँ भेलका कारण सृजना भएको पहिरो नियन्त्रण तथा सडक छेउ नालीको पानी ब्यबस्थापन कार्य गर्न प्राबिधिक प्रतिबेदन अनुसार रु. ६ लाख बजेट मर्मत सम्भार कोष खर्च शिर्षक बाट व्यहोर्ने गरी विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं.१४:-**

पुतलीबजार नगरपालिका वडा नम्बर ६ प्युरीदोभान टुनिखेल कजवे निर्माणको लागि आ.व.२०८०/०८१ का लागि ५ लाख बिनियोजन भएकोमा,उक्तःकजवे अति आवश्यक रहेको तथा सम्पन्न गर्न प्राबिधिक प्रतिबेदन अनुसार रु.७लाख ७० हजार विनियोजन गर्नुपर्ने देखिएकाले मर्मत सम्भार कोष शिर्षक बाट खर्च बेहोर्ने गरी थप रु.२ लाख ७० हजार विनियोजन गर्ने निर्माण गरियो ।

**निर्णय नं.१५:-**

तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम आगामी वैशाख २७ गते बिहान ११ बजेदेखि हिमालय मा.वि पु.व.न.पा ६ टक्सारमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:-**

यस नगरपालिका भित्रका स्वास्थ्य शाखामा आर्थिक वर्ष ०८०/०८१ मा सुचीकृत तथा अभिलेखीकरणमा रहेका प्राणघातक रोग जस्तो मृगौला प्रत्यारोपण गरी डायलासिस गरिरहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघातका बिरामी ९९ जनालाई तोकिए बमोजिमको आ.व ०८०/०८१ को प्रोत्साहन तथा उपचार खर्च रकम सम्बन्धित व्यक्तिको खाता मार्फत निकासा प्रदान गर्ने निर्णय गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबाजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

**निर्णय नं. १७:-** वडाबाट प्राप्त EMIS मा प्रविष्टि भएका बेरोजगार व्यक्तिको विवरण देहायबमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स | वडा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | २ | ३५ | |
| २ | ३ | ४६ | |
| ३ | ४ | ६६ | |
| ४ | ५ | ५९ | |
| ५ | ६ | ६५ | |
| ६ | ७ | ७५ | |
| ७ | ८ | ६३ | |
| ८ | ९ | २६९ | |
| ९ | १२ | ११० | |
| १० | १३ | २८२ | |
| ११ | १४ | ४३ | |
| | | जम्मा - १११३ | |

**निर्णय नं. १८:-**

पुतलीबजार नगरपालिका अन्तर्गत सेवा करारमा लिईने फायर फाईटर,सरसफाईकर्मी, सरसफाई सुपरभाईजर, र सहायक कम्युटर अपरेटर, भर्ना तथा छनौट कार्य अन्तर्गतको सिफारिस एंव नियुक्ती सम्बन्धी अन्तर्वार्ता एंव सुचीकरण समितिको निर्णयको समर्थन गर्ने निर्णय गरियो । साथै श्रेणीविहिन कर्मचारीहरु का लागि मासिक रु २०,०००/-र सहायक स्तर चौथो सहायक कम्युटर अपरेटर का लागि मासिक रु २८,०००/-का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९:-**

खेलकुद क्षेत्र विकासका लागि पुतलीबजार नगरपालिका मेयर कप अन्तर्गत पुरुष र महिला भलिबल खेल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:-**

पुतलीबजार नगर खेलकुद विकास समिति गठन र संन्चालन कार्यविधि २०८०को परिच्छेद ४ दफा तथा बुँदा नं ५ को घ मा व्यवस्था भए अनुसार कार्यपालिका बाट तपशिलका चयन गर्ने निर्णय गरियो ।

क) सदस्य महिला –अनिता रुचाल (कार्यपालिका सदस्य)

ख) सदस्य-भिम बहादुर गुरुङ (वडा अध्यक्ष वडा नं २)

ग) सदस्य- मनोज पौडेल (वडा नं ११)

**निर्णय नं. २१:-**

प्राविधिक शिक्षा छात्रवृत्ति मापदण्ड २०८०को दफा ३ घ मा प्राविधिक शिक्षा पढ्ने विधार्थीका लागि नगरपालिकाको स्वीकृत कार्यक्रममा व्यवस्था भए बमोजिम वडा बाट सिफारीस भई त्रिभुवन आदर्श मा.वि स्याङ्जामा अध्यनरत तपशिलका १२ जना विधार्थीलाई मासिक शुल्कको ५० प्रतिशत हुन आउने रकमका दरले विधालय लाई छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

तपसिलः-

| क्र.स | विधार्थीको नाम | वडा नं . |
|---|---|---|
| १. | आयुष कुँवर | पुतलीबजार नगरपालिका -२ |
| २. | वेद प्रकाश थापा | पुतलीबजार नगरपालिका -४ |
| ३. | जेनिशा खत्री | पुतलीबजार नगरपालिका -१३ |
| ४. | माईकल भुजेल | पुतलीबजार नगरपालिका -५ |
| ५. | नविन आले | पुतलीबजार नगरपालिका -७ |
| ६. | रेहन अली | पुतलीबजार नगरपालिका -३ |
| ७. | सचिन सापकोटा | पुतलीबजार नगरपालिका -४ |
| ८. | सदिक्षा गुरुङ | पुतलीबजार नगरपालिका -८ |
| ९. | सम्पदा भण्डारी | पुतलीबजार नगरपालिका -१४ |
| १०. | सृष्टी के.सी. | पुतलीबजार नगरपालिका -१३ |
| ११. | स्वस्तिका नेपाली | पुतलीबजार नगरपालिका -३ |
| १२. | रञ्जित नेपाली | पुतलीबजार नगरपालिका -५ |

**निर्णय नं. २२:-**

पुतलीबजार नगर शिक्षा समितिको मितिः २०८१/०१/०७ को सिफारीस अनुसार स्थानीय पाठ्यक्रममा परिमार्जन तथा लेखन समितिले प्रस्तुत गरेको "हाम्रो पुतलीबजार" कक्षा (१-८) पाठ्यक्रम स्वीकृत गरी यसै शैक्षिक वर्ष २०८१ बाट सबै विधालयमा कक्षा (१-८)सम्म लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:-**

पुतलीबजार नगरपालिका वडा नं १३ मा रहेको सक्षम आमा समुहले ५० प्रतिशत लागत सहभागितामा समुहको निर्माणाधिन भवन सम्पन्न गर्न कुल लागत ८०११०४ सहित प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव स्वीकृत गरी लागत साझेदारीमा आधारित योजना शिर्षक बाट अक्षरुपी रु चार लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४:-**

पुतलीबजार नगरपालिका वडा नं १२ सिम्लेमा रहेको भलिबल खेल मैदान मर्मत तथा स्तरोन्नती गर्न रु २३२५३४ को लागत सहित साग्रिला युथ क्लबको माग तथा निवेदन बमोजिम लागत साझेदारीता हुने गरी रु अक्षरुपी दुई लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय.२५-**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१/०१/०७ गतेको वैठक बाट वडागत तथा विषयक्षेत्रगत बजेट शिलिङ्ग, मार्गदर्शन तथा बजेट बजेट सीमा निर्धारणका आधार सहितको सुत्रात्मक प्रणालीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख